# हँसपुर नगरपालिका
## Hansapur Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipality Executive
बघचौडा, धनुषा, नेपाल
Baghchauda, Dhanusha, Nepal
मधेश प्रदेश
Madhesh Pradesh


प.स. :- ०८२/०८३
च.नं.:- १५९८

मिति:- २०८२/०९/३०.

श्री सबै समुदायिक विद्यालयहरू,
हँसपुर नगरपालिका, बघचौडा, धनुषा ।

विषय: करार शिक्षक एवम् कर्मचारीहरूको म्याद थप सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र(शासकीय सुधार शाखा) सानोठिमी, भक्तपुरको प.सं. २०८०।०८१, च.नं. २११, मिति २०८२।०३।१३ गतेको पत्रानुसार सामुदायिक विद्यालयमा कार्यरत बाल विकास, शिक्षक, विद्यालय कर्मचारी, दरबन्दी एवम् राहत अनुदान कोटामा कार्यरत करारका शिक्षकहरूको अस्थायी/करार नियुक्ति भए पश्चात नियमानुसार करारको म्याद थप भएको छ वा छैन ? भन्ने सम्बन्धमा आवश्यक कारवाहीका लागि निर्देशन भए बमोजिम यस नगरपालिकाभित्रका सम्बन्धित सामुदायिक विद्यालयहरूले आफ्नो विद्यालयमा उपर्युक्त बमोजिम कार्यरत शिक्षक एवम् कर्मचारीहरूको शिक्षा नियमावली २०५९ (अन्तिम संशोधानसहित) को नियम ९७ को उपनियम (८) बमोजिम म्याद थप सम्बन्धी आवश्यक कार्य गरी मिति २०८२।१०।१५ गतेभित्रमा यस नगरपालिकामा आवश्यक प्रमाणित विवरण पेस गर्नुहुनका साथै पेस नगरेमा नियमानुसार कार्यान्वयन हुने व्यहोरा अनुरोध छ ।

सादर अवगतार्थ:

श्रीमान् नगर प्रमुख, हँसपुर नगरपालिका, बघचौडा - जानकारी, समन्वय, निर्देशन र अनुगमनका लागि ।
श्रीमान् नगर उपप्रमुख, हँसपुर नगरपालिका, बघचौडा - जानकारी, समन्वय, निर्देशन र अनुगमनका लागि ।
श्री सबै वडाध्यक्षज्यू हँसपुर नगरपालिका, बघचौडा - जानकारी, समन्वय, निर्देशन र अनुगमनका लागि ।

बोधार्थ:

श्री सूचना प्रविधि शाखा - website मा upload गरी दिनु हुन ।

.............................
राम छबिला यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

हँसपुर नगरपालिका
**Hansapur Municipality**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipality Executive**
बघचौडा, धनुषा, नेपाल
Baghchauda, Dhanusha, Nepal

मधेश प्रदेश
Madhesh Pradesh

प.स. :- ०८२/०८३
च.नं.:- १४१६

मितिः- २०८२/१०/०२

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्वन्धित छ ।

प्रस्तुत सम्बन्धमा धनुषा जिल्ला, हँसपुर नरपालिका वडा नं.३ अन्तर्गत सञ्चालित श्री रा.प्रा.वि. कठ्पुल्ला, धनुषामा रिक्त रहेको प्राथमिक तहको स्वीकृत दरबन्दी सं. १ (एक) को शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाई दिन भनी सम्वन्धित विद्यालयको प.सं. २०८२।०८३, च.नं.४६, मिति २०८२।०९।२८ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा हाल कार्यरत रहेका विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्वन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र यस इमेल ठेगाना pravikathpulla@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुनेछैन ।

बोधार्थ

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय इकाई, धनुषा।
श्री रा.प्रा.वि. कठ्पुल्ला, हँसपुर, हँसपुर नरपालिका वडा नं.- ३।
श्री सूचना प्रविधि शाखा Web Site मा अपलोड गरिदिनुहुन

राम छविला यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

हँसपुर नगरपालिका
**Hansapur Municipality**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipality Executive**
बघचौडा, धनुषा, नेपाल
Baghchauda, Dhanusha, Nepal

मधेश प्रदेश
Madhesh Pradesh

प.स. :- ०८२/०८३
च.नं.:- १४१२

मितिः- २०८२/१०/०२

श्री सम्बन्धित समुदायिक विद्यालयहरू,
हँसपुर नगरपालिका, बघचौडा, धनुषा ।

विषयः वि.व्य.स. गठन तथा जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको प.सं. २०८२।०८३, च.नं. १३७५, मिति २०८२।०९।२५ गतेको यसैसाथ संलग्न पत्रको व्यहोरा अवगतै छ । सो सम्बन्धमा हालसम्म वि.व्य.स. गठन गर्ने प्रक्रिया केही विद्यालयहरूले मात्र चालेकोले विद्यालय व्यवस्थापन समिति गठन नगरेको/नभएको/ गठन भई म्याद समाप्त भएका विद्यालयहरूले १५ दिनभित्र नियमानुसार समिति गठन गरी जानकारी गराउनुहुनका साथ तोकिएको समयमा समिति गठन गर्न नसकेमा नियमानुसार विद्यालयको सेवा सुविधा रोकिने व्यहोरासाथ अनुरोध छ।

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुख, हँसपुर नगरपालिका, बघचौडा - जानकारी, समन्वय, निर्देशन र अनुगमनका लागि ।
श्रीमान् नगर उपप्रमुख, हँसपुर नगरपालिका, बघचौडा - जानकारी, समन्वय, निर्देशन र अनुगमनका लागि ।
श्री सबै वडाध्यक्षज्यू हँसपुर नगरपालिका, बघचौडा - जानकारी, समन्वय, निर्देशन र अनुगमनका लागि ।

बोधार्थः
श्री सूचना प्रविधि शाखा - website मा upload गरी दिनु हुन ।

राम छविला यादव
नि.प्रमुख प्रशासकीय अधिकृत